सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिम्ली, रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

## स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९

आ.व.२०७९ देखि २०८४

# विषय सुची

## लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९


१ पृष्ठभूमि ........ १
२. नाम र प्रारम्भ: यस रणनीतिको नाम: ........ २
३. परिभाषाः ........ २
४. गाउँपालिका को संक्षिप्त परिचय ........ ६
५. लैससास रणनीतिको औचित्यता: ........ ७
६.: रणनीतिक योजना निर्माणको विधि तथा प्रकृया ........ ८
७. दीर्घकालिन सोच ........ ८
८.ध्येय ........ ९
९.लक्ष्य ........ ९
१०.उद्देश्य ........ १०
११. नीति ........ १०
१२. रणनीति ........ १०
१२.१ मूलप्रवाहिकरणः ........ १
१२.२ सशक्तिकरणः ........ १०
१२.३ क्षमता बिकासः ........ ११
१२.४ समन्वय, सहकार्य र सहजीकरणः ........ ११
१२.५ अनुगमन तथा मूल्यांकनः ........ ११
१३. कार्यनीति ........ ११
१३.१ कार्यनीति (रणनीति ९.१ सगं सम्बन्धित) ........ १२
१३.२ कार्यनीति (रणनीति ९.२ संग सम्बन्धित) ........ १२
१३.३ कार्यनीति (रणनीति ९.३ संग सम्बन्धित) ........
१३.४ कार्यनीति (रणनीति ९.४ संग सम्बन्धित) ........
१३.५ कार्यनीति (रणनीति ९.५ संग सम्बन्धित) ........
१४. रणनीति पुनरावलोकन तथा सुधार ........
१५. बाधा अडचन फुकाउने ........
१६. अवस्था विश्लेषण (SWOT) ........
१७. सरोकारवाला पहिचान ........

७५.१ सरोकारवाला निकायहरुको पहिँचान गरिएको सुची भेन डायग्रामद्धारा प्रस्तुतीः....................
१८. लक्षितवर्ग पहिचान प्राथमिकिकरण र सवाल पहिँचान: ............................................ २९
१९.वित्त व्यवस्थापन.................................................................................... ३१
२०. कानूनी व्यवस्था .................................................................................. ३२
२१. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व........................................ ३२
२२. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु ............................................. ३३

# दुई शब्द

नेपालको संविधानले लैङ्गिक तथा सामाजिक समावेशी समाजको परिकल्पना गरेको छ । संविधानको प्रस्तावनामा नै लैङ्गिक  विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उल्लेख गरिएको छ । महिलाको, दलित, बालबालिकाको हक, सामाजिक न्यायको हक लगायतका हक अधिकारहरू संविधान प्रदत्त हकहरू हुन् । संविधानमा व्यवस्था भएका हकहरू कार्यान्वयन गरी नागरिकलाइ महसुस गराउने जिम्मेवारी स्थानीय सरकारको पनि हो । यसै गरी सानीभेरी गाउँपालिका लाइ लैङ्गिक तथा सामाजिक समावेशी गाउँपालिका बनाउन "**लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९**" रणानीतिक योजना तयार गरेको छ।

लैङ्गिक, जातीय तथा वर्गिय विभेद रहित समतामुलक, न्यायपुर्ण समृद्ध गाउँपालिकाको निर्माण गर्ने दूरदृष्टि लिएर यो रणनीति निर्माण भएको हो । यो रणनीतिक योजनाले  गाउँपालिकाको नीति, योजना, संरचना व्यवस्था, सेवा प्रवाह, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउने, महिला तथा लक्षित वर्गको सशक्तीकरणको माध्यमद्वारा सार्वजनिक स्रोत, साधनको पहुँच र नियन्त्रण बढाउने उद्देश्य लिएको छ । यो रणनीतिक योजनाले दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भूमिकाका वृद्धि, साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गर्ने उद्देश्य लिएको छ । नेपालले लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा गरेका प्रतिबद्धताहरु स्थानीय तहसम्म कार्यान्वयन गर्नु गाउँपालिकाको दायित्व पनि हो ।पालिकालाइ हिंसा रहित बनाउन पालिकामा सामाजिक न्याय स्थापना गर्न समेत यो रणनीतिक योजनाले मद्दत गर्नेछ ।

यो रणनीतिक योजना निर्माण गर्न नेतृत्व गर्ने स्वतन्त्र विज्ञ, कार्यदल, रणनीति निर्माणमा खट्नु भएका गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरू सबैलाइ म हार्दिक धन्यवाद दिन चाहन्छु । लैससासमैत्री गाउँपालिका निर्माण गर्न यो योजनाले महत्वपूर्ण भूमिका खेल्नका लागि सबै सरोकारवालाहरूको सकारात्मक योगदानको अपेक्षा गर्दछु।

विर्ख बहादुर विष्ट
अध्यक्ष

विर्ख बहादुर विष्ट

अध्यक्ष

# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९

## १.पृष्ठभूमि

लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को मूलप्रवाहीकरण नीति, कार्यक्रम, रणनीति र प्रशासनिक, वित्तीय वा आर्थिक क्रियाकलापहरूमा महिला, पुरुष तथा सीमान्तीकृत समुदायका चासो र आवश्यकताहरू पहिचान गरी सम्वोधन गर्ने एउटा प्रक्रिया हो। यसले लैससाससँग सम्बन्धित विभिन्न अनुभवहरुलाई राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रहरूमा गरिने योजना तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्यांकनको अभिन्न अंगको रुपमा स्थापित गर्ने एउटा प्रक्रिया हो। यो प्रक्रियाले असमानता र विभेदहरूको न्यूनीकरण गर्दै, समान अधिकार तथा अवसरहरूको सुनिश्चित गर्ने र जुनसुकै सामाजिक पृष्ठभूमि र पहिचान भए पनि सबै व्यक्तिमा सम्मानको प्रत्याभूति दिलाई असमान शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलित गराउँदछ। नेपाल सरकारको विकासका सूचकहरुको प्राप्तिका निम्ति लैससासको मुलप्रभाविकरण नेपालको संविधानको प्रस्तावनमानै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। सीमान्तीकृत समुदायले भोग्नु परेको इतिहास वा विगतमा भएका क्षतिलाई संवोधन गर्न र लिंग तथा जात, जातियतामा आधारित भेदभावलाई निषेध गर्नु यसका सकारात्मक प्रावधानहरू हुन्। पन्ध्रौं पन्च वर्षीय योजनाले सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रहरूमा महिलाहरूको समान र अर्थपूर्ण सहभागिता हासिल गर्ने लक्ष्य राख्दै नेपालको लैङ्गिक विकास सूचकांकलाई ०.९२५ बाट ०.९६३ पुर्याउने अपेक्षा राखेको छ।

समानताको हकले नागरिकहरु, सामाजिक र सांस्कृकित रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानले विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ। सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ। यसरी नै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी तल दिए अनुसारका प्रावधानहरुको व्यवस्था गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा लैङ्गिक समानता तथा सामजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनामा नै उल्लेख गरिएको छ। यसका अलवा दफा ११ को गाउँपालिका

तथा गाउँपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा २ (त) मा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापनको जिम्मेवारी अन्तरगत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसिमा र प्रकृयासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिबर्तन अनुकूल, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ। यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा गाँउपालिका/गाउँपालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनि उल्लेख गरेको छ।

संयुक्त राष्ट्रसङ्घको साधारण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ। दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरिबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ। यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनि रहेका बालबालिका, किशोरकिशोरी, महिला अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक, पछाडी पारिएका समुदाय जस्तै, दलित, जनजाती, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ। चरम गरिबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगती गर्नका लागि कोहि पनि पछाडि नछुट्ने भन्ने मुख्य सिद्धान्तलाई दिगो विकास लक्ष्यहरुले अङ्गीकार गरेको छ। पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६र०७७- २०८०र०८१ को आधारपत्रमा क) लैङ्गिक समानता तथा महिला सशक्तीकरण ख) बालबालिका तथा किशोरकिशोरी ग) ज्येष्ठ नागरिक घ) अपाङ्गता भएका व्यक्ति ङ) सामाजिक सुरक्षा तथा संरक्षण च) समावेशीकरण लगायतका विषयहरुलाई अलग अलग शीर्षकमा राखिएको छ।

यसरीनै लैससासका मुद्दाहरूलाई केन्द्रिय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय सरकारद्धार संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समाबेशीकरण मैत्री बनाउनका लागि र संवैधानिक एवम् कानूनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समाबेशी विकासलाई प्रबद्धधन गरी यसको मूलप्रवाहीकरण गर्न यो रणनीति तयार गरिएको हो।

## २. गाउँपालिकाको संक्षिप्त परिचय:

सानीभेरी गाउँपालिका जिल्लाको ६ वटा स्थानीय तहहरु मध्येको एक हो। यो गाउँपालिका जिल्लाको सदरमुकाम मुसीकोट देखि १५ कि.मी. को दुरीमा पश्चिमी भेगमा रहेको छ। यस गाउँपालिकाको पूर्वमा मुसीकोट गाउँपालिका, पश्चिममा चौरजहारि गाउँपालिका उत्तरमा आठविसकोट गाउँपालिका तथा दक्षिणमा त्रिवेणी गाउँपालिका र चौरजाहारी गाउँपालिकासंग सिमाना जोडीएको छ। प्रशासनिक हिसावले जम्मा ११ वटा वडामा विभाजित यस गाउँपालिकाको केन्द्र सिम्लीमा रहेको छ।
समुन्द्र सतहबाट ७१९मिटर मिटर सम्मको उचाईमा अवस्थित यो गाउँपालिका १३३.८ बर्ग मिटरको क्षेत्रफलमा फैलिएको छ। यस गाउँपालिकाको कूल जमिन मध्ये २३ प्रतिशत जमिनमा खेती गरिन्छ भने ४.५प्रतिशत जमिन बनजंगलले ढाकेको छ। त्यसैगरी कूल जमिन मध्ये र ०.५६ प्रतिशत जमिन घाँसे मैदानले ओगटेको छ।
राष्ट्रिय जनगणना २०७८ अनुसार सानीभेरी गाउँपालिकाको कूल घरपरिवार ५२०७ रहेको र कूल जनसंख्या २७२३७ रहेको छ। महिला १३२२३ ,पुरुष १४०१४ छन भने कूल जनसंख्या मध्ये महिला ५१ प्रतिशत र पुरुष ४९ प्रतिशत रहेको पाइन्छ।
औषत घरपरिवारको आकार ५.३८ छ र लैंगिक अनुपात ९०.३३ छ। जातीको बाहुल्यता रहेको यस गाउँपालिका वा गाउँपालिकामा सबै जातजातीको मिश्रित बसोबास रहेको छ। कूल जनसंख्या मध्ये ब्राह्मण ६०.९क्षेत्री, दलित १८.९ जनजाती प्रतिशतको बसोबास रहेको छ। उमेर मूहको तथ्यांक हेर्दा १९ बर्ष भन्दा कम उमेरका बालबालिकाको संख्या ५३.४७ प्रतिशत रहेको छ। बालबालिकाको संख्याले कूल संख्याको आधा भन्दा बढी हिस्सा आगटेको छ। जसमध्ये बालक संख्या ७७२३ जना र बालिका संख्या ७३६४ जना छन। कूल जनसंख्या मध्ये आर्थिक हिसावले सक्रिय १५ देखि ५९ बर्षको उमेर समूहका संख्या ४८.७९ प्रतिशत रहेको छ।
यो गाउँपालिकामा मुख्य मगर, गुरुङ, दलित र बाहुन, क्षेत्री, ठकुरी लगायत अन्य जातजातीको बसोवास रहेको छ। नेपाली भाषा मातृ भाषाको रुपमा नेपाली भाषा प्रयोग गरिन्छ। कृषिलाई मुख्य पेशा मानिएता पनि मौषमी रुपमा भारतको रोजगारी र बैदेशिकरोजगारीमा जानेहरुको संख्या दिनानुदिन बढ्दो क्रममा रहेको पाइन्छ।

सानीभेरी गाउँपालिकाको पछौटे सामाजिक जनजीवन, अशिक्षा, चेतनास्तरको कमी, भौगोलीक बिकटता जस्ता विभिन्न अवरोध तथा समस्याहरुले गर्दा लक्षीत समूहका बालबालिकाहरुले परिवार भन्दा बाहिर रहेर आफ्नो कष्टकर जीवन जिउन बाध्य भई पारिवारिक संरक्षणको अवसरबाट बञ्चित भएका छन्। त्यसैगरी बाल विवाह ब्यापक छ भने दुर्गम बस्तीहरुमा शिक्षाको सहज पहुँच नहुदा बिचैमा बिद्यालय छोड्नु पर्ने अवस्था, उच्च शिक्षा हासिल गर्न नपाउनु , घरेलु हिंसा, लैंगिक विभेद, दुरव्यवहार, कार्यबोझ, रहेको छ।

सानीभेरी गाउँपालिका तत्कालीन रुकुम जिल्लाका साविक गा.वि.स हरु क्रमशः सिम्ली, अर्मा, गरायला, पुर्तीमकाडा र दुलीका ६/६ वटा वडाहरूलाई समेटेर वि.सं २०७१ बैशाख २५ गते सानीभेरी गाउपालिका घोषणा भएको थियो। संघीय नेपालको पुनर्संरचनासँगै रुकुम पश्चिम जिल्लाको गाउपालिकाको रूपमा वि.सं. २०७३ फाल्गुण २७ गते साविक गा.वि.स हरु क्रमशःदुलि सिम्ली,अर्मा,गरायला र पुर्तीमकाडाका ६ वटा वडाहरूलाइ समावेशगरी सानीभेरी गाउपालिकाको गठन भयो। यस गाउँपालिकालाइ करिब बिचबाट छिचोल्दै पुर्व देखि पश्चिमसम्म सानीभेरी नदि र रिम्नामा ठुलीभेरी नदि मिसिएर बग्दछ तर अधिकांश भुभागमा सानीभेरी नदि बग्ने हुनाले यस गाउपालीकाको नामाकरण सानीभेरी गाउँपालिका गरिएको हो।सानीभेरी गाउपालीका वातावरणीय, प्राकृतिक, सास्कृतिक र ऐतिहासिक रुपले महत्वपुर्ण गाउँपालिका हो।क्षेत्री पछि मगर समुदायको बाहुल्यता रहेको यस गाउपालिकामा उनीहरको कला, सस्कृती, रहनसहन, भेषभुषा, चाडपर्व आदिले विशेष आकर्षक महत्व राखदछन । मौराखारा लेकबाट रुकुम पश्चिम, रुकुम पुर्व, सल्यान, डोल्पा, जाजरकोट र रोल्पा लगायतका जिल्लाहरू र उत्तरका सुन्दर हिमालहरुको दृश्य अवलोकन गर्न सकिने भएकोले यसलाई प्राकृतिक भ्युटावरकोरूपमा लिने गरिन्छ ।

## ५.लैससास रणनीतिको औचित्यताः

संबिधानद्धारा प्रदान गरिएको समानताको हक कार्यान्वयनका लागि समुदाय तहमा रहेका बिभेदकारी मुल्यमान्यताहरु, कुरीति र परम्परागत सामाजिक हानिकार अभ्यास परिवर्तन गर्नु जरुरी छ। लैससास रणनीतिले पालिकाको हरेक नीति,कानुन,योजना तथा बजेट र कार्यक्रमलाई लैससास उत्तरदायि बनाउन मार्गनिर्देश गर्ने हुदा ब्यक्ति,परिवार र समाजको सोंच र ब्यबहारमा सकारात्मक परिवर्तन ल्याई लक्षीत बर्ग समूहलाई बिकासको मूलप्रबाहमा समाबेश गर्न सकिन्छ भन्ने मान्यता राख्दछ। नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले स्थानीय सरकारलाई कानुनी अधिकार क्षेत्र तथा जिम्मेवारी निर्दिष्ट राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय प्रतिवद्वताहरु स्थानीयकरण गरि लागु गर्न गराउन आबश्यकता महशुस गरी गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति निर्माण गरेको छ। लैससास नीति जारी गर्नुको औचित्यता सम्बन्धमा निम्न बुँदाहरुले स्पष्ट पारेको छ:

क) लैससास सम्बन्धी प्राबधानहरुलाई स्थानीयकरण गरी बिकासको मूलप्रवाहमा लक्षीत समूहको अर्थपुर्ण सहभागिता सुनिश्चत गर्न मार्गनिर्देश गर्दछ।

ख) खण्डिकृत तथ्यांक सहित लक्षीत समूहको आबश्यकता र मागका आधारमा योजना प्राथमिकिकरण, योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग गर्दछ।

ग) दिगो विकास लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरीति,कुप्रथा र सबै प्रकारका बिभेद हटाई समान पहँचु र अवसर प्रदान गरी न्यायपूर्ण समाजको स्थापना गर्न सहयोग गर्दछ।

घ) नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय प्राबधानहरुलाई स्थानीयस्तर देखि नै पुर्ण रुपमा अवलम्बन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री शासन पद्धति अवलम्वन गर्न आधार तय गर्दछ।

ङ) लैसससाको अबधारणगत बुझाइमा एकरुपता कायम गर्दै समन्वय र साझेदारी अवधारणा बिकास गरि लैङ्गिक उत्तरदायि योजना निर्माण तथा कार्यान्वयन र लैससामैत्री व्यवहारको अवलम्वन गर्न अभिप्रेरीत गर्दछ।

## ६.रणनीतिक योजना निर्माणको विधि तथा प्रकृया

गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजनालाई गाउँपालिकाको मार्गनिर्देशनमा विविध क्षेत्रमा संलग्न सरोकारवालाबिच गरिएको परामर्शबाट तयार पारिएको हो। यो रणनीतिक योजना तयार गर्नको लागि नगर उपप्रमुखको संयोजकत्वमा ५ सदस्यीय कार्यदल गठन गरिएको।कार्यदलले रणानीतिक योजना निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरेको छ ।गाउँपालिकाको लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमाका लागि देहायका विधिहरु अवलम्वन गरिएको छ।

**(क)दस्तावेज अध्ययन** : कार्यदल र विज्ञ टोलीले नेपालको संविधान२०७२, १५ औ पञ्चबर्षिय योजनाको अवधारणा पत्र, स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको लैससास सम्बन्धि प्रावधानहरु, दिगो विकास लक्ष्य ५, कर्णाली प्रदेशको प्रथम पञ्चवर्षिय योजना ,राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरु, लैङ्गिक समानता नीति २०७७, स्थानीय सरकारको समावेशीकरण नीति २०७८ तथा गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, बार्षिक प्रगती प्रतिवेदन, गाउँपालिकाको ५वर्षे आवधिक योजना,बालमैत्री स्थानीय शासन तथा गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कार्यविधि आदी अध्ययन गरि तयार पारीएको।

**(क)मुख्य सरोकारवालाबाट जानकारी** : गाउँपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत , महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, सामाजिक विकास समिति, न्यायिक समितिका साथै लैससासको क्षेत्रमा कार्यरत अन्तवार्ता र छलफल गरी जानकारी संकलन गरियो।

**(ख)परामर्श कार्यशाला** : गाउँपालिका प्रमुख, उपप्रमुख सहित कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरु, लक्षित समुहका प्रतिनिधिहरुको उपस्थितिमा दुई दिने कार्यशाला आयोजना गरिएको । उक्त कार्यशालामा समुहगत छलफलबाट गाउँपालिकाको अवस्था विश्लेषण, सवाल पहिचान तथा लक्षित समुहहरुको नक्साङ्कन गरी प्राथमिकिकरण गरियो।

**(ग)लक्षित वर्ग पहिचानः** कार्यशाला गोष्ठीको छलफलबाट  प्राथमिकिकरणमा परेका  लक्षित समुह केन्द्रित छलफलवाट समुदायमा रहेका लक्षित वर्गको अवस्था र आवश्यकताको वारेमा जानकारी।

**(घ)मस्यौदा प्रस्तुतीकरण बैठक** : माथि उल्लेख भए बमोजिमका विधिद्धारा प्राप्त सुचनाको विश्लेषणको आधारमा तयार पारिएको मस्यौदा रणनीति योजना बारे पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम रुप दिईएको थियो।

**७.दीर्घकालिन सोचः** "(न्यायपूर्ण र विभेदमुक्त लैङ्गिक तथा सामाजिक समावेशी सानीभेरी गाउँपालिका

**८.ध्येयः** लैङगिक समानता तथा सामाजिक समावेशी सम्बन्धित विद्यमान सबै खाले असमान ब्यवहार र विभेदको अन्त्य गरी सामाजिक परिवर्तन ल्याउने "

**९.लक्ष्यः(क)** लैससासका क्षेत्रमा भएका असल अभ्यासलाई संस्थागत गर्न र भेदभावजन्य प्रचलन र ब्यवहारमा कमी ल्याउन बञ्चितिकरण समुदायका सवाललाई मूलप्रवाहिकरण गर्दै लैजाने ।

**(ख)** "लैङ्गिक समानता तथा समावेशी विकासको माध्यमद्वारा लैङ्गिक तथा सामाजिक सम्बन्धमा सुधार ल्याई आर्थिक तथा सामाजिक  सशक्तीकरण गर्ने "

## १०.उद्देश्यः

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरण (लैससास) अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा मूलप्रवाहीकरण गरि स्थानीय सरकारले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ। यसका बिस्तारित उद्देश्यहरु यस प्रकार छनः

१०.१ लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुलाई समाबेशी गरि, लैङ्गिक समानता र सबै क्षेत्र ,जात, **जातीको अर्थपूर्ण सहभागिता गराई** लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने।

१०.२ स्थानीय सरकार एवम् अन्य सेवा प्रदायक सरोकारवाला संस्थाहरु सहित महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।

१०.३ लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति, , गैरसरकारी निकाय र स्थानीय सरकार आदि संग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

१०.४ स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

**११ .नीति**. स्थानीय शासनसंग सम्बन्धित नीति कानुन आवधिक योजना विषयगत तथा क्षेत्रगत योजनाको लैससासको दृष्टिकोणबाट तर्जुमा तथा पुनरावलोकन गर्ने ।

२.वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास,पुर्वाधार, कृषि वन तथा भूमीसुधार,गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।

३.लोकतन्त्रका लाभहरुलाई सबै नागरिक विच न्योयोचित वितरण व्यवस्था मार्फत सामाजिक न्याय स्थापना गर्ने ।

४.वार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई आगामी वर्षको कायर्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

५.गाउँपालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक ,अपाङ्गता, जेष्ठनागरिक, दलित,लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।

६.लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्नका लागी छुट्टै खण्डिकृत तथ्यांकको व्वस्थापन गरि संरक्षण गर्दै लैजाने।

७. बालमैत्री गाउँपालिका बनाउनका लागी विभिन्न साझेदार संस्थाहरुको पहलमा उचित कार्यक्रमहरु संचालन गरिने ।

८.वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण, महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।

९.मानव संसाधन विकास शाखा स्थापना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।

## १२.रणनीति

## १२.१मूलप्रवाहिकरण:

क) स्थानीय तहमा महिला, बालबालिका तथा गरीब र बहिस्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावारण र संस्कृति, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदिकार्य मार्फत बहिस्कारमा परेका समुदायहरुको सवाल र समस्या पहिचान गरि, उनीहरुलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरुको समग्र स्थानीय बिकाशको प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ।

ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकाको संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुमा समावेश गरि लैगिक समानता र सबै जातजातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहिकरण गर्दै लगिनेछ।

ग)आर्थिक राजनैतिक रुपमा पछि परेका वर्गलाई सामाजिकीकरणको माध्यमवाट मुलप्रवाहिकरण गर्ने।

## १२.२ सशक्तीकरण

क)बिकासका अवसरबाट बन्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका असक्त, गरीब, महिला, आदिबासी जनजाती, , पिछडाबर्ग, अल्पसंख्यक आदिकोस्थानीय तहको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराई, सवल बनाई उनीहरुको सशक्तिकरण गर्दै लगिनेछ।

ख)लैङगिक हिंसामा परेका महिलालाई उद्दार कोषको प्रभावकारी परिचालन गर्ने ।

ग) लक्षित समुदाय लाई संविधानले व्यवस्था गरेका अधिकार बारे जानकारी दिने र प्रत्येक लक्षित समुदायको स्वंयमको कर्तव्य बारे अन्तरक्रिया छलफल कार्यक्रम गर्ने।

## १२.३.क्षमताविकास

क) स्थानीय सरकार सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनाबद्ध रुपमा क्षमता अभिबृद्धि गर्ने।

ख) स्थानीय नागरिक विशेष गरी लक्षित समुहको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक बिकास गर्ने

ग) शिप विकास र व्यवसायिक तालिम संचालन गर्ने ।

## १२.४ समन्वय सहकार्य सहजीकरणः

क) लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

ख) लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, दातृ निकाय एवं गैरसरकारी निकायहरुसंग साझेदारी तथा समन्वय गर्ने।

## १२.५अनुगमन तथा मुल्याङकन:

स्थानीय सरकारको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने। पालिकाको लैंगिक तथा सामाजिक समाबेशी नीतिले निर्दिष्ट गरेका नीति, रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरि आबश्यक सुधार गर्नका लागि अनुगमन संयन्त्रको गठन गरि पचािलन गरिनेछ। लैङ्गिक उत्तरदायी कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनका बिषयमा बार्षिक लेखाजोखा गर्न नियमित अनुगमन गरी तोकीएको ढाँचामा बार्षिक प्रतिबेदन तयार गरी सोही आधारमा आगामी योजनामा सुधारका लागि सुझाव प्रस्तुत गरिनेछ।

## १३.कार्यनीति (१३.१कार्यनीति (रणनीति १२.१ सगं सम्बन्धित)

क) योजना र कार्यक्रम चक्रमा लैससासको एकिकृत गरि लैससासमैत्री योजना र कार्यक्रम निर्माण गर्नेछ।

ख) बढी भन्दा बढी जनसहभागीता सुनिश्चत गर्न संस्थागत सयन्त्र, प्रतिनिधितत्व प्रणाली र कार्य क्षेत्रगत सर्त निर्धारण गर्नेछ।

ग) सेवा प्रवाह सयन्त्र र प्रक्रिया लैससासमैत्री हुनेगरी सुधार एवम विकास गर्नेछ।

घ) लैङ्गिक उतरदायी बजेट तर्जुमा तथा लैंगिक लेखाजोखा बिधीलाई लैङ्गिक पुर्णरुपमा कार्यान्वयनमा ल्याईने छ।

ङ) स्थानीय सरकारको समग्र बिकास योजना तर्जुमा प्रक्रियामा महिला, बालबालिका, दलित तथा वञ्चितीकरणमा परेका र पारिएकाहरूकालागि विद्यमान प्रावधानहरू र स्थानीय सरकारको जिम्मेवारीका सम्बन्धमा सु—सूचित गराउन चेतनामूलक योजना र कार्यक्रमहरू सघन एव निरन्तर सञ्चालन गर्ने।

च) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी लागू गराउन उत्प्रेरित गर्ने।

छ) लैङ्गिक उत्तरदायी वजेट मार्फत नतिजामुखी मध्यकालिन खर्च संरचना तथा आवाधिक र बार्षिक योजना तर्जुमा गरी सोको कार्यन्वयन गर्ने।

ज) लैङ्गिक उत्तरदायी बजेट तर्जुमाका लागि सूचकहरु निर्धारण गरी यसको प्रयोगलाई योजना तथा बजेट तर्जुमा,मापन र परीक्षण प्रक्रियामा एकरुपता र सरलीकरण गरी लैंङ्गिक उत्तरदायी बजेट सुनिश्चित गर्ने।

झ) लैङ्गिक उत्तरदायी वजेटलाई स्थानीय सरकारले आन्तरिकरण गरी यसको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास गरिनेछ।

ञ) स्थानीय तहका लैससास सम्बन्धी समन्वय र कार्यान्वयन समितिले स्थानीय निकायको आवधिक, बार्षिक योजनामा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन भए नभएको सुनिश्चित गर्ने।

ट) लैङ्गिक उत्तरदायी वजेट तर्जुमा गर्न आवश्यक तथ्याँक र सूचनालाई व्यवस्थित र आवधिक गर्ने प्रणाली स्थापित गर्ने।

ठ) सेवाप्रदायक निकायका सरोकारवालाहरुलाई लैङ्गिक उत्तरदायी वजेट विधि कार्यान्वयन सम्बन्धि सीप विकास गर्ने।

ड) स्थानीय सरकारका सेवाप्रदायक र सेवाग्राही दुबै पक्षका सरकोरवालालई लैङ्गिक उत्तरदायी वजेट सम्बन्धि सूचना तथा जानकारी नियमित रुपमा प्रदान गर्ने प्रबन्ध गरिने छ। यसका लागि आम सञ्चार माध्यमको प्रयोग गर्ने।

ढ) स्थानीय सरकार प्रतिबेदनहरुमा लैङ्गिक उत्तरदायी वजेट मापन तथा लैससास परीक्षणका प्रतिबेदनहरु समाबेश गर्ने व्यबस्थालाई संस्थागत गरिने छ र यसमा भएको उपलव्धीको विश्लेषण गरी देखिएका समस्या र अन्तरहरुलाई सम्बोधन गर्ने गरी सीप तथा क्षमता विकास गरी सुधार गर्ने।

## १३.२.कार्यनीति (रणनीति १२.२ संग सम्बन्धित)

क) खण्डीकृत तथ्यांक र तथ्यांगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थितिको विश्लेषण गरि गरिब तथा बन्चितिकरणमा परेका समूहको पहिचान गर्ने।

ख) स्थानीय तह संग समन्धित बिभिन्न ऐन, नियम, कानून, नीति, नियमहरुको लैससास दृष्टिकोणबाट पुनरावलोकन तथा निर्माण गर्ने।

ग) विपन्न बर्गहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि गर्ने योजना र कार्यक्रम निर्माण गरि कार्यन्वयन गर्ने।

घ) विविधताको सम्मान गर्ने।

**१३.२.१ संस्थागत ब्यबस्था:** लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्रहरु स्थापना र ब्यबस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ।

**१३.२.२ सामाजिक विकास शाखा र यसको काम तथा कर्तब्यः**

यस शाखाले लैङ्गिक समानता तथा सामाजिक सुरक्षा, वालवालिका किशोर किशोरी तथा युवा, अपाङता तथा जेष्ठ नागरिक, गैसस परिचालन, समन्वय तथा निगमन र सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता संम्बन्धित कामहरू गर्नेछन। साथै यस महाशाखा वा शाखाले निम्न थप कार्यहरु गर्न सक्नेछनः

क) स्थानीय तहका महिला, वालवालिका तथा वञ्चितिमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने ।

ख) महिला र अन्य सीमान्तकृत समुहको हक सम्वन्धि नीति, योजना कार्यन्वयन, समन्वय र नियमन गर्ने।

ग) लैससासको प्रवर्धन र विकासका लागी योजना तथा कार्यक्रम बनाई लागु गर्ने।

घ) सहभागितात्मक योजना तर्जुमा र कार्यन्वयनमा लक्षित (महिला तथा बञ्चितिमा परेका वर्ग) समुहको पनि सहभागिता गराई लैङ्गिक उत्तरदायी बजेट विधि मार्फत नतिजामुखी योजना तर्जुमा गर्ने।

ङ) महिला र अन्य सीमान्तकृत समुहको आर्थिक, सामाजिक सशक्तिकरण र क्षमता विकास गर्ने।

च) लैङ्गिक हिंसा नियन्त्रणका लागी निरोधात्मक, प्रबर्द्धनात्मक,संरक्षणात्मक उपाय र पुनस्थापना गर्ने।

छ) लैङ्गिक पक्ष सम्वन्धि व्यक्तिगत जिम्मेवारीमा सहयोग, समन्वय र सहजीकरण गर्ने।

झ) लैङ्गिक पक्ष सम्वन्धि गुनासो ब्यबस्थापन संयन्त्र निर्माण गरि कार्यान्वयन गर्ने।

ञ) कार्यक्रमको अनुगमन र मूल्यांकन स्थानीय तहको कार्यक्रम एवं संस्थागत रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण नियमित रुपमा गर्ने।

ट) सञ्चार माध्यमबाट लैससास सम्वन्धी संदेशहरूको प्रचार प्रसार, प्रबद्र्धन र संरक्षण गर्ने।

ठ) महिला एवं वञ्चितिमा परेको वर्गहरुको क्षमता अभिवृद्धि, आय आर्जन र रोजगारी वृद्धि गर्ने।

ड) कार्यस्थलको संस्कारमा सुधारको पहल गर्ने।

ढ) लैससास सम्बन्धी असल अभ्यास र अनुकरणीय कामको प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने गराउने।

ण) सबै योजना र कार्यक्रमको लैससास मैत्री अनुगमन, प्रतिवेदन र मूल्यांकन गर्ने गराउने।

त) संविधान तथा दीगो विकास लक्ष्यमा लैङ्गिक विषयवस्तुप्रति गरिएको प्रतिबद्धता र मध्यमकालीन खर्च संरचनामा समावेश गरिएका कार्यक्रमहरूलाई ध्यानमा राखेर योजना तर्जुमा गर्न योजना अधिकृतहरूलाई निर्देशन दिने।

थ) योजना अधिकृतहरूलाई विभिन्न सामाजिक पृष्ठभूमि भएका महिलाहरूको जीविकोपार्जन तथा आवाज सशक्तिकरण तथा संरचित विभेदलाई न्यून गर्ने खालका कार्यक्रम तथा आयोजनाहरूको विकास गर्न निर्देशन दिने।

द) निर्दिष्ट लिङ्ग, जातजाति, अवस्थिति र पहिचानमा आधारित विभेदजन्य मूल्यमान्यता तथा अभ्यासहरूमा लक्षित गर्ने, हेरचाह सम्बन्धी कार्यबोझको न्यूनीकरणका उपायहरूको पहिचान गर्ने, पुरुष तथा बालकहरूसँग र सुविधासम्पन्न सामाजिक समूहसँग काम गर्ने।

ध) लैङ्गिक तथा जातीय सांस्कृतिक विविधता विशेष कार्यक्रमको प्रवर्द्धन गर्ने वा विशेष, संरक्षित र स्वायत्त क्षेत्रको विकासका लागि विशेष कार्यक्रमहरूका लागि अतिरिक्त बजेट उपलब्ध गराउने।

न) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ।

प) लैससास शाखा चलायमानका लागि **लैंगिक सम्पर्क ब्यक्ति (Gender Focal Person)**नियुक्त गरी कार्यबिबरण तोकीनेछ।

फ) गाउँपालिकामा कार्यरत महिला कर्मचारीहरु र पालिकामा सेवा लिन आउने महिला सेवाग्राहीहरुलाई सहजताका लागि **लैंगिक मैत्री शौचालय र स्तनपान कक्षको** ब्यबस्था गरिनेछ।

ब) पालिकामा कार्यरत कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक समाबेशी अबधारणा र अभ्यासहरुका बिषयमा अभिमूखकरण मार्फत जानकारी गराई सेवा प्रबाह प्रक्रियालाई लैंङ्गिक तथा सामाजिक समाबेशीमैत्री बनाइनेछ।

भ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ मा भएका कानुनी ब्यबस्था बारे जनप्रतिनिधी लगायत कर्मचारीहरुमा अभिमूखिकरण गराई लैंगिकमैत्री कार्य ब्यबहारका लागि प्रोत्साहीत गरिनेछ।

म) पालिका क्षेत्र भित्रका लैंगिक बिभेद तथा लैंगिक हिंसाहरु र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बोधनका लागि गुनासो सुनुवाइ संयन्त्र निर्माण गर्ने।

व) वडास्तरको सबै वस्तीहरुमा सबै बर्ग समुदायका मानिसहरुको सहभागिता गराई टोल समिति गठन गरि योजना तर्जुमा प्रक्रियामा र सामुदायिक बिकासका कार्यमा क्रियाशिल बनाउने ।

र) पालिका क्षेत्र भित्र संचालन हुने बिकास निर्माणका कार्यहरुको प्रभावकारी कार्यान्वयनका लागि गठन गरिने उपभोक्ता समितिहरुमा ३३ प्रतिशत महिला सहभागिता साथै अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा महिला प्रतिनिधित्व सुनिश्चित गर्ने।

ल) पालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरु र लाभ बितरणमा महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, एकल महिला, अपांगता भएका ब्यक्तिहरु लगायत पछाडि परेका वा पारिएका समुदायहरुको पहुँच बृद्धिका लागि सञ्जाल गठन गरी उनीहरुको आर्थिक सामाजिक सशक्तिकरण मार्फत गाउँपालिकाको सबै क्षेत्रको बिकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गर्ने।

ह)गाउँपालिकाको गरिबी नक्सांकन साथै लैङ्गिक तथा सामाजिक समाबेशी हिसावले खण्डिकृत तथ्यांक संकलन, बिश्लेषण र अद्यावधीक गर्नका लागि सुचना शाखाको प्रभावकारी ब्यबस्थापन मार्फत सुचना प्रणालीलाई ब्यबस्थीत र क्रियाशिल बनाउने।

### १३.३.१ बिभिन्न समितिहरुको गठन

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीतिले निर्दिष्ट गरेका क्षेत्र तथा बिषयहरु प्रति संबेदनशिल भई गाउँपालिका/गाउँपालिकाको नियमित शासन पद्धती तथा सेवा प्रबाह र कार्यप्रणालीलाई लैंगिक तथा समाबेशीमैत्री बनाउन पालिकाका नेतृत्व पंक्ति, जनप्रतिनिधीहरु र कार्यरत सबै कर्मचारीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समाबेशी रणनीतिको कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत अबधारणागत स्पष्टता गराई प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ। पालिकामा क्रियाशिल सबै संयन्त्रहरु लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, बिकास साझेदार र निजीक्षेत्र समेतलाई लैससास नीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ। संविधान अनुसार स्थानीय सरकाले विभिन्न समितिहरु गठन गरि यस रणनीतिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन समिति गठन गरि तल दिए अनुसार सबै तहमा कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व प्रदान गरिनेछ ।

(क)**गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समितिः**

प्रत्येक स्थानीय तहमा निम्नानुसारका मूलपरवाहिकरण रणनीति कार्यन्वयन तथा अनुगमन समिति रहने छः

१. गाँउपालिका अध्यक्ष तथा प्रमुख —संयोजक

२. गाँउपालिका उपाध्यक्ष तथा उप प्रमुख — सदस्य

३. सम्वन्धित गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत — सदस्य

४. कार्यपालिकाको सदस्यहरु मध्येवाट १ जना महिला सहित २ जना — सदस्य

५. गाउं कार्यपालिकाद्धारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्था मध्येवाट बढीमा २ (एक जना महिला)— सदस्य

६. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण फोकल व्यक्ति — सदस्य

७. सम्वन्धित स्थानीय तहको महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख— सदस्य सचिव

**(ख) गाँउपालिका तथा गाउँपालिका लैससास मूलप्रवाहिकरण रणनीति कार्यन्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**

१. गाउँपालिका र गाउँपालिका भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक यौनिक अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने।

२. लैङ्गिक,आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा गाउँसभा समक्ष सिफारिस गर्ने।

३. संघ तथा प्रदेश सरकार बाट भएका रणनीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने।

४. लैङ्गिक, आर्थिक, भौगोलिक, समाजिक, तथा संस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि गउँसभा वा नगरसभा समक्ष सिफारिस गर्ने।

५. यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने।

६. गाउँपालिका र गाउँपालिकाको नियमितरुपमा लैंगिक तथा सामाजिक समावेशीकरण बजेट परीक्षण गर्ने।

७. लैससाससंग सम्बन्धित अन्तराष्ट्रिय सन्धी, संझौताहरुको समन्वय, सहकार्य, सहजीकरण र कार्यन्वयन गर्ने गराउने।

८. गाउँपालिकामा क्षेत्र भित्र लैससाससंग सम्वन्धि काम गर्ने संघ—संस्थासँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

९. पालिकामा लैससाससंग सम्बन्धित विषय बस्तु हेर्नलाई लैससास शाखा वा डस्कको व्यवस्था गर्ने।

**(ग) गाँउपालिकाको लैससास कार्यन्वयन तथा अनुगमन समितिको बैठक र निर्णयः**

१. समितिको बैठक आवश्यकता वर्षमा (बढीमा) ६ पटक बस्न सक्नेछ।

२. संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

३. समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिको सदस्य— सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

४. समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

५. समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट ज्येष्ठ सदस्यले गर्नेछ।

६. समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै विज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**(घ) वडास्तरीय समितिः**

गाँउपालिका वा गाउँपालिकाको प्रत्येक वडामा यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ। जसमा देहाय बमोजिका संयोजक तथा सदस्यहरु रहने छनः

१. सम्वन्धित वडाको वडा अध्यक्षः - संयोजक

२. सम्वन्धित वडाका वडा सदस्यहरुः - सदस्य

३. सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थावाट मनोनित गरेका वढीमा २ (एक जना महिला) जना सदस्यहरुः - सदस्य

४. वडास्तरीय बाल संजालको अध्यक्ष - सदस्य

५. सम्वन्धित वडाको वडा सचिवः - सदस्य सचिव

**(ङ) वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकारः**

१. वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक यौनिक अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदाय **खण्डीकृत तथ्याङ्क** संकलन गर्ने।

२. वडाभित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक यौनिक अल्पसंख्यक, अल्पसंख्यक समुदायको सहभागिता अनिवार्य गर्ने।

३. वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायकोहक हितको संरक्षण र सम्बद्धधन तथा त्यस्तो समुदायको सशक्तीकरणकाको लागि कार्यक्रम वनाई गाउँपालिका, पेश गर्ने।

४. यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने।

**१३.३.२ कार्यनीति (रणनीति १२.३ संग सम्बन्धित)**

क) लैससासका लागी सस्थागत र व्यक्तिगत दुबै क्षमता बिकासका क्षेत्रहरू पहिचान गरि कार्यन्वयनगर्ने।

ख) स्थानीय सरकारको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीमा आवद्ध सामुदायिक संघसंस्था, विभिन्न सञ्जाल, सहकारी तथा महासङ्घ, समूहहरू तथा नागरिक समाजको क्षमता विकासको दायरामा समेटिने छ।

ग) सबै समुदायका विपन्न महिला, पुरुषहरू, युवा, बालबालिका, राजनीतिक दल, नागरिक समाज, सामुदायिक संस्थाहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि हुने गरी स्थानीय तहको ७ चरणको योजना तर्जुमा प्रक्रिया, समय सीमा, महिला तथा वञ्चितीकरणमा परेका/पारिएकाहरूका लागि विद्यमान प्रावधानहरू र स्थानीय निकायहरूको जिम्मेवारीका सम्बन्धमा सुसूचित गराउन चेतनामूलक कार्यक्रमहरू सघन एवम् निरन्तर सञ्चालन गराईने छ।

घ) लैससास सम्बन्धि जानकारी दिन सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवं समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण र कार्यन्वयन गर्ने।

ङ) स्थानीय सरकारका प्रमुख एवम राजनीतिक दलका प्रतिनिधिहरूलाई लैससासको मूलअवधारणा र यस सम्वन्धी संवेदनशील बनाउने।

च) लैससास सम्बन्धी जानकारीमूलक र सूचनामूलक सामाग्रीको प्रकाशन र तालिम निर्देशिकाहरु तयार गरी समयानुकूल सुधार गरी कार्यन्वयनमा ल्याईने।

छ) प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण गराईने छ।

ज) स्थानीय सरकारले आयोजनाहरू छनौट गर्नका लागि आधार मापदण्डहरू पहिचान गर्न उनीहरूको क्षमता अभिवृद्धि गने।

झ) लैससास सम्बन्धि असल अभ्यास छनौट गरी सोकोप्रचार प्रसार गर्न उत्प्रेरित गर्ने।

ञ) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी सो बमोजिम क्षमता अभिवृद्धि गरी लागू गराउन उत्प्रेरित गर्ने र कार्यसम्पादन मूल्याकनमा यसलाई पनि आधार बनाउन विधि तय गर्ने।

### १३.३.३कार्यनीति (रणनीति १२.४ संग सम्बन्धित)

यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी एवं गैरसरकारी निकायहरू, विकास साझेदारहरू, सामुदायिक समूहहरू तथा नागरिकहरूबीच तल उल्लेख गरे अनुसार साझेदारी तथा सहकार्य गरिनेछ।

| **समन्वय, सहकार्य, सहजीकरण र साझेदारीका लागि संभाव्य संस्थाहरु। /संभावित कार्य तथा भूमिका र जिम्मेवारी** |
|---|
| <u>केन्द्रिय तथा प्रादेशिक सरकार</u><br>• लैससासलाई राष्ट्रिय नीतिहरुमा एकिकृत गर्दै जोड्ने र लैससास मैत्री सस्थागत ब्यबस्थालाई समन्वय, सहकार्य र साझेदारी गर्ने।<br>• लैससास दृष्टिकोणबाट योजना तर्जुमा र अनुगमन ढाँचाहरूको पुनरावलोकन, समन्वय तथा पृष्ठपोषण गर्ने।<br>• लैससास सम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि केन्द्रीय तथा प्रदेशससंग समन्वय कायम गर्ने।<br>• लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा समावेशीकरण बजेट परीक्षण कार्यान्वयनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने<br>• महिला तथा वञ्चित समूह लगायत सबैका लागि सेवा सुविधामा पहुँच पु-याउन कार्यान्वयन तहमा समन्वय कायम गर्ने |
| <u>महिला,दलित,आदिवासी जनजाति,पिछडिएका समुदाय, बादी तथा आदि वञ्चित समूहहरू</u><br>• खास—खास सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्क एवम् विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराउने, पर्याप्त क्रियाकलापहरू सञ्चालन गर्न योजना तथा बजेट सुनिश्चित गर्ने र कार्यक्रमहरूको अनुगमन गर्न समन्वय, सहकार्य सहजीकरण गर्ने। |
| <u>बिकास साझेदारी सस्थाहरु</u> |

- केन्द्रीय, प्रदेश एवम् स्थानीय सरकारहरुको लैससास सम्बन्धी बाधा र क्षमता बिकासको अवस्था विश्लेषण गर्ने कार्यमा सहयोग र साझेदारी गर्ने।
- लैससास लाई केन्द्रदेखि स्थानीय तहसम्म एकिकृत गरि अनुगमन, मूल्यांकन र रिपोर्टिंग गर्ने प्रक्रियामा सहयोग र साझेदारी गर्ने।
- यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय,
- प्रदेश एवम् स्थानीय तहमा सहयोग, समन्वय, सहकार्य र सहजीकरण गर्ने।

**१३.३.४ कार्यनीति (रणनीति १२.५ संग सम्बन्धित)**

क) स्थानीय सरकार अन्तर्गत संचालन भएका योजना तथा कार्यक्रम र स्थानीय सरकार स्वमं लैससास उत्तरदायी भए नभएको वस्तुगत सूचक र मापदण्ड तयार गरि अनुगमन तथा मूल्याँकन गर्ने।

ख) लैससास महाशाखा वा शाखाले अनुगमन तथा मूल्याँकन शाखासंग कार्यविधि, निर्देशिका, फेमवर्क, अन्य योजना तथा बाल विवाह अन्त्यका लागी नीति तयार गरि कार्यक्रमको मूल्यांकन गर्दा लैससासको अवस्था प्रष्ट्याउने गरी खण्डिकृत तथ्याँकलाई आधार बनाउन समन्वय र सहयोग गर्ने।

ग) स्थानीय सरकारले सञ्चालन गर्ने योजना तथा कार्यक्रमको मूल्याँकन प्रणालीमा सुधार गरी लैससास मूखी बनाउन उद्देश्य र सूचकहरु लैससासका आधारमा खण्डिकृत गर्ने।

घ) खण्डिकृत तथ्याँक संकलन र उपलव्ध गराउने प्रक्रियालाई संस्थागत गर्ने र त्रैमासिक र बार्षिक प्रतिबेदनमा खण्डिकृत तथ्याँक सम्मिलित प्रतिबेदन पेश गर्ने।

ङ) लैससास महाशाखा वा शाखाले लैङ्गिक तथा सामाजिक समाबेशी सम्बन्धी अध्ययन अनुसन्धान गरी प्रभाव मूल्याँकन, असल अभ्यास, कार्यशैलीको रुपान्तरण जस्ता बिषयको अभिलेखिकरण गर्ने र सो बाट प्राप्त सिकाईलाई सरोकारवालासँग साझेदारी गर्ने र तद्अनुरुप स्रोतको परिचालन गर्ने।

च) लैससास महाशाखा वा शाखाले लैससास सम्बन्धी नीतिलाई कार्यान्वयन गर्दा आएका समस्या र बाधा व्यबधानलाई आवधिक रुपमा समीक्षा गर्ने, त्यसका लागि बजेट व्यबस्था गर्ने र आवश्यकता अनुसार परामर्शदाताको सहयोग लिने।

छ) स्थानीय तहमा गठित सूपरिबेक्षण तथा अनुगमन समितिको कार्यलाई लैससास उत्तरदायी बनाउन लैससास महाशाखा वा शाखा र लैससास समन्वय समितिको सहकार्यमा लैससास सम्बन्धी सूचकहरुको पहिचान गर्ने, अनुगमन तथा मूल्यांकन ढाँचामा समाबेश गर्ने, खण्डिकृत प्राराम्भिक तथ्याँक संकलनका लागि स्पष्ट ढाँचा बनाउने र प्रगति विवरणमा समेट्न मार्ग—निर्देशन गर्ने र सोका लागि अभिमूखिकरण गर्ने।

ज) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, संस्थागत क्षमता स्वमूल्यांकन, लैससास सम्बन्धी मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने। यी

क्रियाकलापहरुमा महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय तथा मुस्लिम आदि वञ्चित समूहहरूको अर्थपूर्ण सहभागितामा सुनिश्चित गर्ने।

**१४.रणनीति पुनरावलोकन तथा सुधार**

यस रणनीति कार्यवनयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मुल्याकनलाई आवश्यता अनुसार पुनरावलोकन तथा सुधार गरिनेछ।

**१५बाधा अडचन फुकाउने**

यस रणनीतिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा यस रणनीतिका प्रावधानलाई प्रतिकुल असर नपर्नेगरी स्थानीय सरकारले बाधा अड्चन फुकाउन सक्नेछ।

## १६.अबश्था विश्लेषण(SWOT)

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो। यो गाउँपालिकाको लैससासको दृष्टिकोषवाट बलियो पक्ष कमजोर पक्ष अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ। यसरी विश्लेषण गर्दा नीतिकानून, संस्थागत व्यवस्था , मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुसासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिनु पर्दछ।जसलाई निम्नानुसार तल प्रस्तुत गरिएकोछ।

| **बलियो पक्ष (Strength)** | **कमजोर वा सुधार गर्नुपर्ने पक्ष (Weakness/Improvement)** | **अवसरहरु (Opportunities)** | **चुनौतीहरु (Threats )** |
|---|---|---|---|
| १. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको<br>२. अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई प्रभावकारी रुपमा कार्यान्वनय भएको।<br>३. उपभोक्ता समितिहरुमा महिला सहभागिता अनिवार्य गरेको छ। | १.गाउँपालिकाले लैंगिक तथा सामाजिक समावेशिकरण नीति निर्माण नभएको।<br>२.महिलाहरुको छुट्टै खण्डिकृत डाटा (बस्तुगत विवरण) नभएको।<br>३.लैङ्गिक उत्तरदायी बजेट निर्माण एवम लैससास परीक्षणलाई वजेट व्यवस्थान नभएको।<br>४.स्थानीय तहले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको पक्षवाट हेर्ने नगरेको । | १. विभिन्न जातजाती, समुदाय बिच सामाजिक र संस्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त सामाजिक वातारण रहेको।<br>२. विभिन्न गैहसरकारी संघसंस्थाको कार्यक्षेत्रको रुपमा स्थानीय तह हुनु।<br>३.महिला तथा लक्षित वर्गका विभिन्न समूहरु क्रियशिल हुनु। | १.छुवाछूत,लैङ्गिक विभेद,बालविवाह जस्ता परम्परागत कु मान्यता विरुद्धका कार्यान्वयन मा जटीलता।<br>२.मागमा आधारित अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथमिकिकरण नीति वनाउन कठिन |

| | | | |
|---|---|---|---|
| ४. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता २९% भन्दा वढी भएको।<br>५. महिला बालबालिका जेष्ठ नागरिक शाखा स्थापना र सचालन भएको<br>६. सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको।<br>७. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको।<br>८. विपद व्यवस्थापन कोष परिचालनमा नीति तथा कार्यविधि निर्माण भएको<br>९. स्थानीयतह भित्र हुने गरेका सामाजिक कुरीतिहरु (छुवाछुत, बालविवाह, बहुविवाह) | ५.दीगो विकासको लक्ष्यका लक्ष्य नं १, ५,१० र १६ लाइ तोकेर बजेट विनियोजन नगरिएको ।<br>६.निश्चित प्रतिशत वजेट लक्षित वर्गमा विनियोजन नगरिएको ।<br>योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टिकोणवाट विश्लेषण भएको अभिलेख नभएको ।<br>७.महिला पुरुष विचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको।<br>८.कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता वनाएर लागु नभएको।<br>९.मानव संसाधन विकास शाखाको स्थापना नभएको। | ४.राष्ट्रिय गौरबका आयोजना स्थानीय तहमा संचालन हुनु।<br>५.स्थानीय तहका सवै कार्यालयहरुमा महिला हिंसा तथा विभेद हुन नदिनका लागि लैङ्गिक हिंसा न्यूनीकरण आचार संहिता निर्माण गर्न गैससले सहयोग गरिरहेको हुनु।<br>६. संघीय सरकार तथा प्रदेश सरकार संग प्रत्यक्ष पहुँच राख्ने जनप्रतिनिधिहरु हुनु।(आवश्यकीय योजना र बजेट माग गर्नका लागि पहुँच पुग्छ)<br>७.जनप्रतिनिधिहरु तथा कर्मचारीहरु लैससास सहिति अन्य विभिन्न विषयको श्रोत व्यक्ति हुनु। (क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न सकिने )<br>८.बालमैत्री लैङ्गिक मैत्री अपाङ्ग मैत्री जस्ता विकास मोडलका विषय विज्ञहरु स्थानीय तहमा हुनु। | ३.महिला तथा बालबालिकाहरुका लागि लक्षित बजेट नहुदा क्षमता वृद्धि तथा आर्थिक विकास गर्न समस्या ।<br>४.गरिबी पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरीवी मापनका सुचकहरु निर्माण गर्न।<br>१.विशेष गरि महिलाद्वारा सम्पादित घरभित्रको विना पारिश्रमिक को कामको मूल्याङ्कन गर्न।<br>२.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन नीयम कानून कार्यविधि कार्यान्वन गर्न। |

| | | | |
|---|---|---|---|
| हटाउनको लागि कार्यक्रमहरु संचालन गरेको।<br>१०.महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन भएको (कानूनी हक अधिकार, एकल महिला मानव बेचविखन यौन हिंसा आदी )<br>११.उमेर पुगेका सवै बालबालिकाहरु विद्यालय भर्ना भएका।<br>१२.सवै विद्यालयमा महिला पुरुष शौचालय तथा हात धुने व्यवस्था भएको।<br>१३.निशुल्क प्रसूति सेवा, नवजात शिशु तथा सुत्केरीका लागि विशेष कार्यक्रम संचालन गरेको।<br>१४.सवै विद्यालयमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गरेको | १०.पदाधिकारी तथा कर्मचारी लैससास सम्बन्धी जानकार भएपनि कार्यान्वयन पक्ष लैससास मैत्री नभएको।<br>१२.महिला हक र अधिकार सम्बन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरण नभएको तथा प्रतिवद्धता कार्यान्वयनका लागि बजेट विनियोजन नभएको ।<br>१३.सार्वजानिक स्थल तथा कार्यालयहरुमा स्तनपान गृह नभएको।<br>१४.भौतिक पूर्वाधारका ड्रइङ डिजाइनहरु लैससासमैत्री भएपनि सो अनुसार निर्माण नभएको। | ९.लैङ्गिक हिंसा मुक्त स्थानीय तह घोषणा गर्ने प्रतिवद्धता सहितको बृहत आवधिक योजना तयार भएको।<br>१०.स्वास्थ्य वीमा कार्यक्रमलाई सवै घरधुरीमा पुर्याउन प्राविधिक सहयोगका लागि गैससले काम गरिरहेको।<br>११.एक घण्टाको पहुँच भित्र सवै नागरिकका लागि स्वास्थ्य सेवाको पहुँच हुनु।(सवै गर्भवती महिलाहरुलाई सुरक्षित रुपमा प्रसूति गराउन सकिने )<br>१२.अंग्रेजी माद्यमवाट पठनपाठन हुने सरकारी विद्यालयहरु हुनु।(शैक्षिक तथा अन्य कार्यक्रमहरु समावेश गरी सरकारी विद्यालयमा विद्यार्थीहरुको आकर्षण वढाउन सकिने जहाँ किसान गरिब तथा मजदुरका छोराछोरी पठनपाठन गर्छन। | ३.समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु (जातीगत छूवाछूत, बोक्सीको आरोप लागाउने घरेलु हिंसा ) को अन्त्यका लागि विभिन्न कार्यक्रम हरु सञ्चालन गर्ने<br>४.मोवाइल को दुरुपयोग र बाल बालिकाको उमेरमा नै व्यापक प्रयोगले बालविवाह अवैध वच्चा जन्माउने तथा परिपक्व उमेरमा पुग्दा सम्वन्ध विच्छेद हुने जस्ता संभावना वढ्दै गएको।<br>५.संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठीन।<br>६.कृषि प्रति युवा लाई आकर्षित गर्न र |

| | | | |
|---|---|---|---|
| १५.लक्षीत तथा विपन्न वर्गको निशुल्क स्वास्थ्य वीमा भएको<br>१६.खुल्ला दिसा मुक्त पालिका घोषणा भएको र त्यसको निरन्तर follow up भएको।<br>१७.लक्षित वर्गको उपस्थितिमा लक्षित वर्गका आगामी योजना तथा सम्पन्न योजनका वारेमा छलफल हुने गरेको।<br>१८.सार्वजानिक लेखापरीक्षण सामाजिक परीक्षण तथा सार्वजानिक सुनुवाईमा लक्षित समूहलाई प्रश्न राख्न दिने र छलफल गर्ने गरेको<br>१९.बार्षिक नीति तथा कार्यक्रम छापा प्रकाशन तथा वेभसाइड मार्फत नीयमित रुपमा सार्वजानिक । | १५.योजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको ।<br>१६.जनप्रतिनिधिहरुको विस्तृत वैयत्तिक विवरण वेभसाइडमा नराखिएको<br>१७.सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना, समाचार तथा सन्देशमुलक विषय वस्तु आदि प्रकाशन नभएको।<br>१८.भौतिक पुर्वाधारका सवै डिजाइन हरुमा लैससास मैत्री प्रावधानहरुसमेट्ने नगरिएको।<br>आवधिक योजना रमध्यकालिन खेर्च संरचनाको समिक्षा नभएको । | १३.किसान सम्मान अभिनन्दन पुरस्कार आदी कार्यक्रम नियमित रुपमा हुनु किसान र कृषि प्रवर्द्धन गर्न सकिने ।<br>१४.आवश्यक सवै शाखामा पर्याप्त जनशक्ति हुनु।<br>**१५.अन्तराष्ट्रिय सन्धी संझौता तथा प्रतिवद्धताहरु लाई स्थानीयकरण गर्न गैससले प्राविधिक सहयोग पुर्याउनु।**<br>१६.अन्तराष्ट्रिय प्रतिवद्धता तथा महासन्धीहरुका वारेमा जनप्रतिनिधिहरु जानकार हुनु। | जीविकोपार्जनको प्रमुख आधारको रुपमा कृषिलाई स्थापित गर्न।<br>७.सामाजिक सञ्जाल मार्फत हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न।<br>८.कानुनि ज्ञान,आवश्यक नीति नियम आदिको अभावले मेलमिलाप केन्द्रहरु प्रभाकारीरुमा कार्यान्वयन गर्न<br>९.लैगिंक खण्डिकृत तथ्यांकको अभावको कारण सहिरुपामा योजना तथा बजेट व्यवस्थापन गर्न गाह्रो। |

## १७. सरोकारवाला पहिचान

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनको कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ। जसमा सिधा संपर्क हुने।दोश्रो माद्यमवाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा विभक्त गरिएकोछ।

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु) | दोश्रो माद्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु) | अप्रत्यक्ष संपर्क हुनेहरु (तेश्रो नं का सरोकारवालाहरु ) |
|---|---|---|
| महिलाबालबालिका तथा जेष्ठ नगारिक शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश |
| योजना शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सवै |
| शिक्षा शाखा | बैक तथा वित्तीय संस्थाहरु | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | वालक्लवहरु | भूमी व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | आमा समूहहरु | संघीय मन्त्रालयहरु |
| युवा तथा खेलकुद शाखा | जेष्ठ नगारिक मिलन केन्द्रहरु | महिला आयोग |
| प्रशासन शाखा | विद्यालयहरु | दलित आयोग |
| सवै वडा कार्यालयहरु | गैह्रसरकारी संस्थाहरु | मुस्लीम आयोग |
| गाउँ/नगर कार्यपालिका | स्वयम सेवक समूहहरु | राष्ट्रिय योजना आयोग |
| गाउँ/नगर सभा | उद्योग वाणिज्य संघ | मानव अधिकार आयोग |
| न्यायिक समिति | राजनैतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| विषयगत समितिहरु सवै | संचार माद्यमहरु | राष्ट्रिय स्तरका संचार माद्यमहरु |

**१८. लक्षीत वर्ग प्राथमिकिकरण:** महिला लगायत पछाडी परेका वा पारिएका बर्ग समुदायहरु लक्षित समुदाय मानि पालिकाले लक्षित समूहको उत्थान र विकासमा बार्षिक योजना तथा बजेट बिनियोजन गर्ने गरेको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्य नै लक्षित वर्गलाई विकासको मूलप्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ। समूह छलफलबाट तयार गरिएको पालिकाको नक्सामा सबै वडाहरुमा लक्षित समूह छरिएर रहेको पाइन्छ। लक्षीत समूह र तिनका मुख्य सवालहरु निम्न बमोजिम उल्लेख गरिएको छ।

| | | | |
|---|---|---|---|
| महिला /एकल महिला , | बालबालिका | अपाङ्गता भएका व्यक्ति | जेष्ठनगारिक |
| आदिवासी जनजाती | लैङ्गिक तथा यौनिक अल्पसंख्यक | अति विपन्न वर्ग | अल्पसंख्यक/ लोपोन्मुख |
| किसान | बादी /गन्दर्व | मजदुर | द्वन्द्वपिडित |
| पिछडिएको क्षेत्र र समुदाय | | | |

**१८.१लक्षीत वर्ग प्राथमिकिकरण तथा लक्षीत वर्गका सवालहरु**

.<u>**महिला/एकल महिलाका सवालहरु**</u>

- नीति निर्माण तहमा अर्थपुर्ण सहभागिता न्यून रहनु र नेतृत्व तहमा महिलाको सहभागितालाई सहजै स्विकार गर्न नसक्नु ।
- महिलाहरुको योजना तर्जुमा प्रक्रियामा अर्थपूण सहभागितामा कमि।
- दुर्गम बस्तीमा बस्ने तथा निरक्षर महिलाको सूचनामा पहुँच कमि।
- अधिकांस महिलालाई आफ्नो अधिकार र कानुन्बारे जानकारी नहुनु।
- गर्ववती महिलालाई स्वास्थ्य सेवा सम्वन्धी सूचनामा पहुँच तथा पोषण सम्वन्धी जानकारी नहुदा स्वास्थ्यको जोखिममा पर्नु।
- घरेलु हिंसा, लैंगिक हिंसा, बलात्कार तथा यौनजन्य दुरब्यबहार र बिभेदबाट पिडित हुनु।
- पुरुष प्रधान समाज तथा परम्परागत सोचका कारण लैंगिक बिभेद, सामाजिक असमानता तथा बोक्सी प्रथा लगायतका कुरीतिहरु कायमै रहनु।
- मानसिक स्वास्थ्य समस्याको सिकार बन्नु ।

- आर्थिक स्रोतमा पहँ◌ुच तथा नियन्त्रण कमि।
- उच्च शिक्षामा समान पहुच नहुनु
- गर्भवती महिला तथा सुत्केरी महिलाहरुमा पोषणको कमि।
- कार्यालयहरुमा लैंगिकमैत्री संरचना तथा ब्यबहारको कमि।
- एकल महिला, अपांग, असाह्य महिलाहरुलाई अपमानजनक तथा असमान ब्यबहार, सेवामा असमान पहुँच, समान अवसरबाट बञ्चित हुनु।

**<u>बालबालिकाका सवालहरु</u>**

- बाल श्रम हुनु, बाल यौन दुर्व्यबहार तथा शोषण लगायतका बिभेद जन्य कार्यबाट पिडित छन्।
- बालविवाह कायमै (७२)रहनु र बालबिबाहलाई समाजले सहजै स्विकार गर्नु ।
- बालमैत्री संरचना, व्यवहार, खेल मैदान, नहुनु।
- स्तनपान कक्ष सबै सार्वजनिक स्थानमा नहुनु।
- बालिकाहरुमा आत्मरक्षा कमी ।
- अबिभावक बिहिनताका कारण संरक्षणको अभाव।

**<u>अपांगता भएका ब्यक्ति</u>**

- समान अवसरबाट बञ्चित साथै सार्बजनिक सेवा तथा स्रोतमा सहज पहुँच नहुनुका साथै रोजगारीमा पहुँच कमि
- अपहेलना, अपमानजनक ब्यबहार तथा यौनजन्य दुर्व्यबहारको शिकार हुनु।
- मानसिक स्वास्थ्य समस्याको सिकार हुनु।
- अपंगमैत्री संरचना नहुदा सार्वजनिक स्रोत तथा सेवामा पहुँच कमि हुनु।
- समान शिक्षाको अवसरबाट बञ्चित।
- अपाङ्ग महिला, बालिका तथा किशोरीहरु यौनजन्य शोषण तथा दुर्व्यवहार र बलात्कारको शिकार बन्नु।

**<u>ज्येष्ठ नागरिक</u>**

- जेष्ठ नागरिकको सूचनामा पहुँच कमि।
- जेष्ठ नागरिकलाई उचीत पालनपोषण तथा संरक्षणको व्यवस्था नहुनु साथै घरपरिवारबाट बेवास्ता र अपहेलना गरिनु।
- ज्येष्ठ नागरीक माथि अपमानजनक ब्यबहार
- स्रोतमा पहुँच तथा नियन्त्रण कमि।
- परिवार तथा समाजबाट अपहेलीत र एक्लै बढी समय बिताउनु पर्दा मानसिक समस्याको शिकारको सम्भावना रहनु।

**<u>लैंगिक तथा यौनिक अल्पसंख्यक</u>**

| |
|---|
| • पहिचान हुन नसक्नु।<br>• खुलेर समाजमा आउन नचाहनु।<br>• समान अवसरबाट बञ्चित हुनु।<br>• समाजबाट अपमानजनक ब्यबहार तथा बिभेदपुर्ण दृष्टिकोण राख्नु। |
| **अति बिपन्न समुदाय**<br>• सिमित र पाखो जग्गाजमिनबाट जिवन निर्बाह गर्न बाध्य<br>• मुख्य पेशा ज्यालामजदुरी<br>• गरिवीका कारण उच्च शिक्षा, स्वास्थ्य र रोजगारबाट बञ्चित<br>• सुचनामा पहुँच नपुग्दा गाउँपालिका तथा वडाबाट संचालीत योजना लगायत सेवा सुबिधामा पहुँच कमी।<br>• अशिक्षा र चेतनाको कमीका कारण बाल बिबाह, सामाजिक कुरीति लगायतका गलत सामाजिक प्रचलनबाट टाढा हुन नसक्नु।<br>• निर्णयक तहमा सहभागिताको पहुँच न्यून। |
| |
| **किसान**<br>• समयमा मल विउ नपाउनु, कृषि सिचाईको अभाव |
| मजदुर<br>• समान ज्याला |
| **द्धन्दपिडित**<br>• घाईते तथा अपाङ्गता भएका व्यक्तीको सहि तथ्याङ्क नहुनाले सुविधाबाट बञ्चित । |

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट यस गाउँपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन। वलियो पक्ष, कमजोर पक्ष, अवस तथा चुनौती संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ। अधिकतम सवल पक्षहरु पहिचान भएका छन ती सवल पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ।

## १९.वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ। स्थानीय तहहरुले **SUTRA** मार्फत नै वजेट व्यवस्थापन गर्नुपर्ने देखिन्छ। लैङ्गिक उत्तरदायी बजेटलाइ स्थानीयकरण गरी यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी

लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ। लैससास मूलप्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछः

क. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने।

ख. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने ।

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेट ले तय गरेका विषयगत क्षेत्रहरुमा अद्ययन गरी आवश्य परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्न

छ. सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने।

## २०कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्नु पर्दछ। यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ। तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयन मा आउने छन।

## २१.रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन तथा अनुगमन समितिको हुनेछ भने वडामा वडास्तरीय लैससास कार्यन्वयन तथा अनुगमन समितिको हुनेछ।कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ। योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन

समितिका प्रमुख एवम उपप्रमुख/ उपाध्यक्षको हुनेछ भने आवश्यकता अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छूटेका विषयहरु पहिचान गर्न सकिनेछ।

## २२संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरु आउन सक्ने अवस्था छ

| सिन | संभाव्य जोखीम | जोखीम न्यूनीकरणका उपायहरु |
|---|---|---|
| १. | पितृसत्तात्मक तथा सामान्ती सोच हावी रहेको सन्दर्भमा लैङ्कि समानता तथा सामाजिक समावेशी मूलप्रवाहीकरण रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ। | लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम,गोष्ठी तथा छलफलको आयोजना गर्ने। |
| २. | सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्कि समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ। | बहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने। |
| ३. | लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समास्या हुनसक्छ। | स्थानीय तहका हरेक वैठकमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समिक्षा गर्ने। |
| ४. | लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ। | विषय विज्ञहरु संग नियमित परामर्श गर्ने। |
| ५. | विषयगत शाखा तथा अन्य सरोकारवालाहरु विच लैससास रणनीति कार् अन्यौल विविधता तथा दोहोरोपना हुनसक्त। | विषयगत शाखाका निति ,सवालहरु र कार्यक्रममा दोहोरोपना हटाउन समन्वय रदिने सहकार्यमा जोड । |